# सोलुखुम्बु जिल्ला अदालत

## तहशिल शाखा

**दण्ड, जरिवाना वा सरकारी बिगो तिर्नु बुझाउने सम्बन्धि सुचना ।**

**सुचना प्रकाशन मिति २०७५।०२।०३**

केन्द्रिय लगत समितिको मिति २०७५।१।३१ को निर्णय अनुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३५ (१) को प्रयोजनका लागि मुलुकी ऐन दण्ड सजायको महलको २४ नं. को अधिनमा रही अन्तिम फैसला बमोजिम कायम भएको दण्ड, जरिवाना वा सरकारि बिगो मिति २०७५ साल श्रावण मसान्त भित्र बुझाउन आएमा देहाय बमोजिमको छुट दिने केन्द्रिय लगत कट्टा समितिको बैठक बसि निर्णय भएको सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयबाट आवश्यक कार्यार्थ जानकारी हुन आएको हुनाले सो निर्णय अनुसार तिर्न बुझाउन बाँकी रहेका व्यक्तिहरु यस अदालतमा उपस्थित भई आफुलाई लागेको दण्ड, जरिवाना वा सरकारी बिगो तिर्नु बुझाउनु भई लगत कट्टा गर्नु हुन अनुरोध छ । अन्य थप जानकारीका लागि सोलुखुम्बु जिल्ला अदालतमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**तपसिल**

(१) सुचना प्रकाशन भएको मितिले ५०(पचास) वर्ष भन्दा अघिको अन्तिम फैसला बमोजिमको लगतमा ७५% छुट

(२) सुचना प्रकाशन भएको मितिले ३०(तिस) वर्ष भन्दा अघि ५०(पचास) बर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा ५०% छुट

(३) सुचना प्रकाशन भएको मितिले २०(बिस) वर्ष भन्दा अघि ३०(तिस) वर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा २५% छुट